# प्रथम वार्षिक साधारण सभामा
# संचालक समितिका तर्फबाट अध्यक्षद्धारा प्रस्तुत
# आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन
# मेट्रो इक्विटी फण्ड लिमिटेड, काठमाण्डौ

**आदरणीय सञ्चालक तथा शेयर सदस्य महानुभावहरु,**

मेट्रो इक्विटी फण्ड लिमिटेडको प्रथम वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत तथा अभिवादन गर्दछु । यस गरिमामय साधारण सभामा कम्पनीको प्रगति, उपलब्धी र भावी योजनाबारे प्रतिवेदन प्रस्तुत गर्न पाउँदा निकै हर्षित महशुस गरिरहेको छु । मुलुकमा हालै भएको Gen Z आन्दोलनले देशको व्यवसायिक वातावरण र पूँजी बजारमा प्रत्यक्ष प्रभाव परेको छ । सामाजिक संजालमा रोक, असमानता र भ्रष्टचारप्रति यूवा पिढीको असन्तुष्टिले उत्पन्न यस आन्दोलनमा ठूलो मानवीय क्षति हुनुका साथै सार्वजनिक र निजी सम्पत्तीमा समेत आक्रमण हुन पुग्यो । व्यवसायिक प्रतिष्ठानहरुमा क्षति, होटल र रिटेल क्षेत्र बन्दले लगानीकर्ताको आत्मवल कमजोर बनाएको छ । जसका कारण नयाँ लगानीको योजना स्थगित हुने र चलिरहेका योजनाको प्रगति ढिलो हुने सम्भावना देखिएको छ । यो अनिश्चितताले पूँजी बजार पनि प्रत्यक्ष प्रभावित छ र यसले लगानिकताहरुमा एक खालको अन्योल र अस्थिरता सृजना गरेको छ । कम्पनीले पनि यस परिस्थितिलाई मध्यनजर गर्दै जोखिम व्यवस्थापनमा विशेष ध्यान दिन आवश्यक देखिन्छ ।

**कम्पनीको परिचयः**

सुरक्षित र दिगो व्यवसाय मार्फत शेयरधनीहरुलाई उचित मुनाफा प्रदान गर्ने उद्देश्यका साथ मेट्रो इक्विटी फण्ड लिमिटेडको स्थापना गरिएको हो । अल्पकालिन, मध्यकालिन र दिर्घकालिन लगानीका अवसरहरु पहिचान गर्दै, पूंजीबजारमा संस्थागत हिसाबले कारोवार गर्ने उद्देश्य अनुसार २०८१ साल श्रावण २१ गते विधिवत दर्ता गरिएको हो ।
स्थापना काल देखि नै पूंजीबजारको अवसरको सदुपयोग, लगानी विबिधिकरण, जोखिम न्यूनिकरण, पारदर्शिता र व्यवसायीकता हाम्रो मागदर्शक रहेका छन् ।

**२०८२ आषाढ मसान्तको वित्तिय विवरण यसै साथ संलग्न छ जस अनुसार :**

जम्मा शेयरधनि संख्या : २६९ जना
अधिकृत पूँजी : ५०,००,००,०००/-
जारी पूँजी : ४२,५०,००,०००/-
चुक्ता पूँजी : ३१,६९,१०,०००/-

प्रचलित कानुनी प्रावधान अनुसार कम्पनीको शेयरको अंकित मूल्य रु १०० कायम गर्ने प्रस्ताव एवं कम्पनीको अधिकृत पूँजी एवं जारि पूँजी बृद्धी गर्नका लागि प्रवन्धपत्र नियमावली संशोधन प्रस्ताव गरिएको छ ।

**आर्थिक वर्षको कार्य प्रगति**

गत आ.व.मा कम्पनीले निम्न अनुसारको कार्यहरु सम्पन्न गरेको छ ।

- पुँजी बजारको प्रतिफल सुनिश्चित गर्न दोस्रो पूँजी बजारमा रणनीतिक लगानीको शुरुवात गरिएको छ ।
- उद्योग, ऊर्जा, पर्यटन क्षेत्रका अवसरहरुको पहिचान गरि लगानीको शुरुवात गरिएको छ ।
- संस्थागत लगानीका लागि आवश्यक, नीतिगत, कानूनी र प्राविधिक विश्लेषण गरि व्यवस्थापकीय संरचना तयार गरिएको छ ।
- शेयरधनी महानुभावहरुसँग समयमा नै सञ्चार आदान प्रदान गर्ने प्रणाली अवलम्बन गरिएको छ ।
- पूँजी बजारको उतार चढावका बीच पनि कम्पनीले सावधानीपुर्वक जोखिम विश्लेषणका आधारमा लगानी गर्ने नीति अपनाएको छ । यसले जोखिम न्युनिकरण गर्दै दिगो प्रतिफलको आधारको तयार गरेको छ ।

**आगामी कार्ययोजना :**

आगामी आ.व.मा कम्पनीले निम्न कार्यहरुलाई प्राथमिकता दिनेछ ।

क) पूँजी बजारमा थप रणनीतिक र विविधिकरणयुक्त लगानी विस्तार गरिनेछ ।
ख) दिर्घकालिन प्रतिफल सुनिश्चित गर्न अनुसन्धान र विश्लेषण प्रणाली विकास गरिनेछ ।
ग) उपयुक्त समयमा प्राथमिक पूँजी (IPO) जारी गर्नका लागि आवश्यक लगानी एवं तयारी गरिनेछ ।
घ) शिक्षा, कृषि, उद्योग, ऊर्जा र उद्यमशिल परियोजनाहरुमा प्रत्यक्ष वा अप्रत्यक्ष लगानीको अवसर पहिचान गरि लगानी विस्तार गरिनेछ ।

मेट्रो इक्विटी फण्ड लिमिटेडलाई यहाँहरुले प्रदान गर्दै आएको विश्वास, साथ र सहयोग हाम्रो लागि सबैभन्दा ठुलो उर्जा हो । तपाइँहरुको निरन्तरको साथ र सहयोगको कारण आज कम्पनीले छोटो समयमा नै स्थायित्वको आधार तयार गर्न सफल भएको छ । आगामी दिनमा पनि हामी सबैको साझा उद्देश्य **"सुरक्षित र दिगो प्रतिफल"** लाई पुर्ण रुपमा कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।
धन्यवाद !

अध्यक्ष
मेट्रो इक्विटी फण्ड लिमिटेड
काठमाण्डौ